# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको
## सत्रौं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु
(कम्पनी ऐन, २०६३ को दफा ७५(३) सँग सम्वन्धित)

**१. वैधानिक सभा:**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको मिति २०८१ पौष ०६ गते बसेको सञ्चालक समितिको १०४७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम कम्पनीको सत्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राधिका अर्यालको अध्यक्षतामा यस निर्णय पुस्तिकाको खण्ड-२ मा उल्लेख भएको मिति, समय तथा स्थानमा तोकिएका विषयहरु उपर छलफल र निर्णयहरु भई सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान:**

मिति : २०८१ साल पौष २८ गते आइतवार, (तदनुसार १२ जनवरी २०२५)
समय : विहान १०:०० बजे
स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाण्डौं ।

**३. सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम कम्पनीको सत्रौं वार्षिक साधारण सभाको सूचना २०८१/०९/०७ र २०८१/०९/०८ गतेका गोरखापत्र दैनिकमा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त कम्पनीको वेबसाइट धधधालतआलभतालउ मा समेत सभासम्बन्धी सूचना तथा कम्पनीको आ.व. २०८०।८१ को वार्षिक प्रतिवेदन राखिएको थियो ।

**४. छलफलको विषयहरु:**

कम्पनीको सत्रौं वार्षिक साधारण सभामा छलफलका लागि देहायका विषयहरु तोकिएको थियो ।

१. साधारण प्रस्ताव:

क) आर्थिक वर्ष २०८०।८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०८०।८१ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण तथा अन्य अनुसूची उपर छलफल गरी पारित गर्ने ।

ग) लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था बमोजिम महालेखापरीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान अनुरुप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१।८२ को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजहरुको पारिश्रमिक निर्धारण तथा नियुक्तिका अन्य शर्तहरु निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएपश्चात कम्पनीको आर्थिक वर्ष २०८०।८१ को मुनाफा रकममध्येवाट सेयरधनीहरुलाई प्रति सेयर रु ३०।- अक्षरुपी तीस रुपैयाँ मात्र (नगद लाभांशमा लाग्ने करसमेत) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विशेष प्रस्ताव:

क) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

३. विविध:

**५. उपस्थिति:**

**क) कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु:**

| | |
|---|---|
| १. श्री राधिका अर्याल | अध्यक्ष (सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) |
| २. श्री संगीता पहाडी अर्याल | सञ्चालक (प्रबन्ध निर्देशक, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड) |
| ३. श्री धनिराम शर्मा | सञ्चालक (सहसचिव, अर्थ मन्त्रालय) |
| ४. श्री कोशहरि निरौला | सञ्चालक (सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ५. श्री कोमल बहादुर खत्री | सञ्चालक (सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) |
| ६. श्री लोक बहादुर कटुवाल | सञ्चालक (कर्मचारी प्रतिनिधि) |
| ७. श्री मनषि जङ्ग जोशी | सञ्चालक (सर्वसाधारण सेयरधनी, प्रतिनिधि) |

ख) कम्पनी सचिव श्री द्वारिका प्रसाद पौडेल — नायव प्रबन्ध निर्देशक, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

**ग) प्रतिनिधि, पर्यवेक्षक एवं आमन्त्रित अन्य पदाधिकारीहरुको उपस्थिति:**

| | |
|---|---|
| १. श्री इन्द्र प्रसाद बस्याल | प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| २. श्री माया पन्थी | प्रतिनिधि, अर्थ मन्त्रालय |
| ३. श्री बिपीन आचार्य | प्रतिनिधि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४. श्री दीपशिखा वाग्ले | प्रतिनिधि, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ५. श्री हिरण्य प्रसाद पराजुली | प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय |
| ६. श्री भरत गौतम | प्रतिनिधि, सूचना तथा प्रसारण विभाग |
| ७. श्री अरुण पौडेल | प्रतिनिधि, नागरिक लगानी कोष |
| ८. श्री नृपराज उपाध्याय | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ९. डा. गजेन्द्र अर्याल, अधिवक्ता | कानुनी सल्लाहकार, नेपाल टेलिकम |

**घ) सेयरधनी उपस्थिति:**

संस्थापक : ७ जना

सर्वसाधारण : ३७७ जना

**जम्मा उपस्थित संख्या: ३८४ जना**

**६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

उपस्थित सेयरधनी संख्या: ३८४

उपस्थित सेयरधनीले ग्रहण गरेको सेयर संख्या :

| | |
|---|---|
| (क) संस्थापक सेयर : | १६,४७,५३,१६०.०० |
| (ख) सर्वसाधारण सेयर : | १,५८,५०७.२० |
| **कुल सेयरको प्रतिनिधित्व :** | **१६,४९,११,६६७.२०** |

**कुल सेयरको प्रतिनिधित्व प्रतिशतमा: ९१.६१८**

**७. सभाको वैधानिकता:**

सर्वप्रथम कम्पनी सचिव श्री द्वारिका प्रसाद पौडेलले कम्पनीको सत्रौं वार्षिक साधारण सभामा सम्पूर्ण सेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा कम्पनी व्यवस्थापनको तर्फवाट हार्दिक स्वागत गर्दै साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम ११ मा रहेको प्रावधान बमोजिम गणपूरक संख्याको लागि कुल सेयर संख्याको ५० प्रतिशतभन्दा बढी सेयरको प्रतिनिधित्व हुनेगरी कुल सेयरधनीहरुमध्ये ३ जना सेयरधनीहरु स्वयं वा प्रतिनिधिद्धारा उपस्थित हुनुपर्ने प्रावधान रहेबमोजिम गणपूरक संख्या पुगिसकेको जानकारी दिंदै कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सभा वैधानिक भएको जानकारी गराउनुभयो । साथै कम्पनी सचिवले सभा सञ्चालनको लागि सभाका अध्यक्षलाई अनुरोध गर्नुभयो ।

**८.सभाको अध्यक्षता:**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता गर्ने प्रावधान अनुसार यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री राधिका अर्यालले सभाको अध्यक्षता गरी सभा सञ्चालन गर्नुभयो ।

**९.सत्रौं वार्षिक प्रतिवेदनको प्रस्तुति:**

सभाका अध्यक्ष श्री राधिका अर्यालले सञ्चालक समितिको तर्फवाट सत्रौं वार्षिक साधारण सभामा उपस्थित सबै सेयरधनीहरुलाई स्वागत गर्दै छलफल हुने विषयको कार्यसूची राष्ट्रियस्तरको पत्रिकामार्फत जानकारी गराई वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरिएको व्यहोरा जानकारी गराउनु भयो । उहाँले वार्षिक गतिविधिका बारेमा प्रकाश पार्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दूरसञ्चार क्षेत्रमा देखिएका चुनौतीहरूका बीच कम्पनीको वार्षिक कार्ययोजना र लक्ष्यअनुरूप कम्पनीको सेवाहरूको सञ्जाल बिस्तार एवं पूर्वाधार बिस्तार कार्य सन्तोषजनक रहेको बताउनुभयो । विश्व अर्थतन्त्र र घरेलु अर्थतन्त्रमा देखिएका नकारात्मक सूचकाङ्कका बावजुद निर्वाधरूपमा सेवा सञ्चालनमार्फत सापेक्षित रूपमा आफ्नो व्यावसायिक मर्यादा, साख तथा वित्तीय स्वास्थ्य कायम राख्न सकेकोमा सन्तोष व्यक्त गर्दै हामी सबैको लागि खुशीको विषय भएको उल्लेख गर्नुका साथै आन्तरिक तथा बाह्य वातावरणमा देखिएका विविध प्रतिकूलताका बीच कम्पनीले कुल रु ४२.११ अर्ब आम्दानी गरी रु ६.२३ अर्ब मुनाफा आर्जन गर्न सफल भएको व्यहोरा जानकारी गराउनुभयो । कम्पनीले कर र शुल्क तथा फ्रिक्वेन्सी एवं लाइसेन्स दस्तुरबापत जम्मा रु ४१.५९ अर्ब राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउनुका साथै कम्पनीको सेवाको बजार हिस्सा बृद्धि भई भ्वाइस सेवाको ६३.५५ प्रतिशत र डाटा सेवाको ६६.८२ प्रतिशत कायम भएको एवं बैंक तथा वित्तीय संस्थाको मुद्धती निक्षेप तथा ऋणपत्रका लगानीमा कमी आई ३९ अर्ब ३२ करोड कायम भएको समेत जानकारी गराउनुभयो । कम्पनीको योगदान तथा सफलताले थप हौसला प्रदान गरेको बताउनुभयो ।

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

**१०.साधारण सभामा छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुहुने सेयरधनी महानुभावहरुः**

क. श्री नरसिंह लाल चखूँ
ख. श्री मोहन प्रसाद फुयाल
ग. प्रा.डा.श्री जे.एन. पाण्डे हिमाली
घ. श्री सुभाष शाह
ङ श्री तीर्थराज अधिकारी
च श्री लोकेन्द्र पनेरु
छ श्री चन्द्रनारायण श्रेष्ठ
ज. श्री दिवाकर खड्का
झ. श्री निरुपमा गुप्ता

**११. सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नुभएको जवाफः**

कम्पनीको सत्रौं वार्षिक साधारण सभाको छलफलको क्रममा सेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको धारणा, मन्तव्य, जिज्ञासा, राय तथा सुझावहरु सम्बन्धमा सञ्चालक समितिको तर्फवाट सभाका अध्यक्ष श्री राधिका अर्यालले सामूहिक रुपमा संक्षेपमा जवाफ दिनुभयो । उहाँले कम्पनीमा संस्थागत सुशासन कायम गर्ने, प्रविधिको अवलम्बन एवं सेवाको गुणस्तरमा सुधार गर्ने र वित्तीय सूचकाङ्कमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुका साथै आयोजना कार्यान्वयन, सेवा बिस्तार, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन र वृत्तिविकास सम्बन्धमा समेत जानकारी गराउनुभयो ।

कम्पनीको समुन्नति, सुदृढीकरण, दीर्घकालिन स्थायित्व र कम्पनीको हितमा सेयरधनी महानुभावहरुले व्यक्त गरेका धारणा, जिज्ञासा, चिन्ता, चासो, आशंका र सुझावहरु स्वागतयोग्य रहने र त्यस्ता विषयलाई सञ्चालक समिति र कम्पनी व्यवस्थापनले कम्पनीको सम्पत्तिको रुपमा ग्रहण गर्न सञ्चालक समितिको तर्फबाट प्रतिवद्धता सहित सक्रिय सहभागिताको लागि सेयरधनी महानुभावहरुलाई हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्नुभयो ।

**१२. साधारण सभाको निर्णयः**

सभामा अध्यक्षले प्रस्तुत गर्नुभएका प्रस्तावहरु साधारण सभाबाट देहाय अनुरुप पारित भयो ।

**साधारण प्रस्ताव अन्तर्गतः**

क) आर्थिक वर्ष २०८०।८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०८०।८१ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका विवरणहरु ।

ग) आ.ब. २०८१।८२ को अन्तिम लेखापरीक्षणका लागि महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भएबमोजिम चार्टर्ड एकाउण्टेन्टद्वय श्री नरेन्द्र भट्टराई र श्री प्रकाश जङ्ग थापालाई मूल्य अभिवृद्धि करबाहेक जम्मा रु.२४,००,०००।- (अक्षरुपी चौबिस लाख रुपैयाँ मात्र) मा बरावर पारिश्रमिक भुक्तानी गर्नेगरी कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएअनुसार आर्थिक वर्ष २०८०/८१ को कम्पनीको मुनाफा रकम मध्येबाट कम्पनीका सेयरधनीहरुलाई प्रति सेयर रु.३० ।- अक्षरुपी तिस रुपैयाँ मात्र (नगद लाभांशमा लाग्ने करसमेत) का दरले नगद लाभांस वितरण गर्ने ।

**विशेष प्रस्ताव अन्तर्गतः**

क) कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।

**१३.धन्यवाद ज्ञापन तथा सभा विसर्जनः**

अन्त्यमा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (२) बमोजिम साधारण सभामा राखिएका प्रस्तावहरु पारित भएको घोषणा गरी सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको अमूल्य राय, सुझाव तथा सल्लाहको लागि उहाँहरुलाई हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी सत्रौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, कम्पनीका लेखापरीक्षक, कानुनी सल्लाहकार र कर्मचारीहरुवाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्दै सभाका अध्यक्षले अपरान्ह १२:०५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

राधिका अर्याल
अध्यक्ष

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

मिति २०८१ पौष २८ गते आइतवार, राष्ट्रिय सभागृह, काठमाण्डौं ।

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव